आज मिति २०७८।५।१६ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

(खिम नारायण मानन्धर)
अध्यक्ष

| | | |
|---|---|---|
| | बिदुर सिग्देल | हरिनास गाउपालिका कार्यालय |
| | लालबन गैह | हरिनास गाउपालिका कार्यालय |
| | नोल वहादुर थापा | हरिनास गाउपालिका कार्यालय |

निर्णय नं १ हरिनास गाउँपालिका भित्र रहेका जीर्ण काठे पोल विस्थापितका लागी लागत साझेदारीमा कार्य गर्ने गरी ७५० वटा पोलका लागी सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२ हरिनास गाउँपालिका वार्ड नं. ७ का ऋषिराम लम्साल समेतको सयुक्त निवेदनमा हरिनास-७ को वडा बिभाजन गर्नका लागी प्राप्त भएकोमा स्थानिय शासन संचालन ऐन २०७४ को दफा ६ बमोजिम वडाको संख्या र सिमाना हेरफेर गर्नु पर्दा गाउँपालिका र नगरपालिको निर्वाचन हुनुभन्दा कम्तिमा एक वर्ष अगावै गरी सक्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भए बमोजिम सोही व्यहोरा निवेदनकला जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ३ हरिनास गाउँपालिकाको स्थानिय निजमती सेवा पुरस्कार सम्वन्धि कार्यविध २०७८ को दफा ३ बमोजिम निजामती कर्मचारी पुरस्कृत गर्ने प्रयोजनार्थ दफा ६ बमोजिम निम्नानुसारको सिफारिश समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः पर्शुराम उपाध्याय प्रमुख प्रशासकीय अधिकृत हरिनास गाँउपालिका कार्यालय

सदस्यः महेश्वर अर्याल योजना अधिकृत हरिनास गाउँपालिका कार्यालय

सदस्यः चिन्तामणि शर्मा वडाध्यक्ष हरिनास गाउँपालिका वार्ड नं. ४

सदस्यः उजेली नेपाली दर्जि कार्यपालिका सदस्य हरिनास गाउँपालिका वार्ड नं. ३

सदस्य सचिवः नोल वहादुर थापा प्रशासन शाखा प्रमुख हरिनास गाउँपालिका कार्यालय

निर्णय नं. ४ हरिनास गाउँपालिका भित्र तपशिलका व्यक्तिहरुले मेरो घरको आर्थिक अवस्था कमजोर रहेकोले स्वास्थ्य उपचारमा कठिनाइ परेको हुँदा आर्थिक सहायता गरी पाउ भनी सम्वन्धित वार्ड कार्यालयको सिफारिश सहित यस कार्यालयमा निवेदन पेश गरेका हुँदा सम्वन्धित वार्ड कार्यालयको सिफारिश बमोजिम निम्न व्यक्तिहरुको आर्थिक अवस्था कमजोर रहेको देखिएकोले निजहरुलाइ तपशिल बमोजिमको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.न. | निवेदक | आर्थिक सहयोग प्राप्त व्यक्तिको नाम थर | ठेगाना | सहयोग रकम |
|---|---|---|---|---|
| १ | मन वहादुर घर्ति | ऋषिकुमार घर्ति | हरिनास-२ स्याङजा | १२०००।- बाह्र हजार |
| २ | सुनिल थापा | तारा वहादुर थापा | हरिनास-१ स्याङजा | ५००००।- पचास हजार |
| ३ | गिर वहादुर दर्जि | यम वहादुर दर्थि | हरिनास -२ स्याङजा | २००००।- बिस हजार |

निर्णय नं. ५ आ.व.०७८।०७९ को कृषि तथा पशु समबन्धि कार्यक्रम संचालन गर्नका लागी यस पालिका भित्र रहेका/दर्ता भएका कृषि तथा पशु फर्महरुलाइ सूचिकृत गर्नका लागी सबै वार्ड कार्यालयहरुबाट बिवरण माग गरी राख्ने निर्णय गरियो ।